मध्य नेपालको आवाज-सत्य, तथ्यको वाहक

# लोकतन्त्र सन्देश

Loktantra Sandesh National Daily Newspaper राष्ट्रिय दैनिक समाचारपत्र

वर्ष १७ अंक २९९ २०८० असार १२ गते मंगलबार (Jun. 27th Tuesday 2023) पृष्ठ संख्या ४, मूल्य रु. ५।- मासिक मूल्य रु १५०।-

**सूचना सूचना सूचना**

यस लोकतन्त्र सन्देश दैनिकको टेलिफोन नम्बर परिवर्तन भएको जानकारी गराउँदै परिवर्तित नम्बर ०५६४९०९५४ रहेको व्यहोरा जानकारी गराईन्छ ।

सम्पर्क :
लोकतन्त्र सन्देश दैनिक
भरतपुर, चितवन ०५६४९०९५४

## उकालो लाग्दै अण्डाको मूल्य

भरतपुर/किसानले अण्डाको मूल्य पाउन थालेका छन् । कोभिडपछि खस्किएको बजार क्रमशः उकालो लाग्न थालेको छ । लागत मूल्यभन्दा निकै कममा बिक्री भइरहेको अण्डाको मूल्य बढ्न थालेको हो । बजारमा माग बढ्दै गएपछि अहिले चितवनलाई आधार मानेर बजार मूल्य ठूलो अण्डा ३० गोटा (एक क्रेट) को रु चार सय, मिडियम अण्डा रु तीन सय ८० र एक्सट्रा लार्ज ( अझ ठूलो) को रु चार सय १० कायम गरिएको छ । अण्डाको मूल्य घट्दै गएर किसान बिस्थापित हुन थालेपछि देशभरका ठूला व्यवसायी सङ्गठित भएर नेपाल लेयर्स कुखुरापालक सङ्घ गठन गरी बजारीकरणमा जुटेका छन् ।

सङ्घका अध्यक्ष विनोद पोखेलका अनुसार अहिलेको लागत मूल्य प्रतिक्रेट रु चार सय ३५ पर्न आउँछ । अण्डाको मूल्य घट्दै गएर रु दुई सय ४० सम्म झरेको थियो । उहाँले भन्नुभयो, "पाँच वर्षअघि दानाको मूल्य प्रतिकिलो रु ३० हुँदा अण्डा प्रतिक्रेट रु तीन सयमा बिक्री हुन्थ्यो । अहिले दाना प्रतिकिलो रु ६५ पर्दा अण्डाको मूल्य लागत मूल्यको तुलनामा बढ्न सकेको छैन ।"

औषधिलगायत अन्यमा पनि मूल्य दोब्बर भएको उहाँको भनाइ छ । दुई वर्षअघि अण्डाको मूल्य प्रतिक्रेट रु चार सय पाँच पुगेर एकोहोरो ओरालो लागेको थियो । त्यतिबेला खुद्रा मूल्य प्रतिगोटा रु १६ रहेको थियो । अण्डा उत्पादन गर्ने कृषक एवं व्यवसायी सङ्गठित भएर व्यवसाय बचाउन बजारी करणमा जुटेकै कारण मूल्य पाउन थालिएको उहाँको भनाइ छ । विगतको तुलनामा उत्पादन घटेको छ । लागत मूल्य नपाए पछि धेरै कृषक विस्थापित भएका छन् । ऋण थप्न सक्ने कृषकमात्र टिकेका हुन । यससँगै गर्मीका कारण पनि अण्डा उत्पादन घटेको छ । विगतको तुलनामा अण्डा २५ प्रतिशतभन्दा बढी उत्पादन घटेको छ । बढेको समयमा दैनिक ५० लाखसम्म अण्डा पुगेको अनुमान गरिएको थियो ।

सङ्घका सचिब मदन पोखेलले लागत मूल्य नपाएकै कारण धेरै किसान विस्थापित भएको बताउनुभयो । अण्डाको महत्व बुझाउन सकेमा अण्डाको माग दोब्बर हुने उहाँ बताउनुहुन्छ । बजारमा अहिले पाइने खाद्यान्नमा पोषणको हिसाबले सबैभन्दा सस्तो अण्डा भएको पोखेल बताउनुहुन्छ । सरकारले ध्यान नदिए आत्मनिर्भर पोल्ट्री व्यवसाय धरासायी हुने व्यवसायी बताउँछन् । निजी क्षेत्रको अण्डा उत्पादनका लागि मात्र पोल्ट्री व्यवसायमा रु एक खर्बभन्दा बढी लगानी रहेको छ । यसको आधाभन्दा बढी बैंकको ऋण रहेको छ । अण्डा उत्पादक कृषक र व्यवसायीले काठमाडौँमा आउटलेटसमेत खोलेर बजारीकरण गरिरहेका छन् । सङ्घका अध्यक्ष पोखेलले विगत छ महिनामा देशका अधिकांश जिल्ला पुगेर अण्डाको महत्व र बजारीकरणमा लागेकै कारण मूल्यमा सुधार भएको बताउनुभयो । किसानको लागतअनुसारको मूल्य पाउन अझै नसकिएको उहाँ बताउनुहुन्छ । रासस

## अद्वैतको सत्संग

भरतपुर/अद्वैत संस्था केन्द्रीय सत्संग मन्दिर अद्वैत मार्ग, काठमाडौं २८ मा गंगा देवी चुके र सर्जु चुके परिवारद्वारा आयोजित राष्ट्रव्यापी बृहत् सत्संग समारोह (ज्ञानमहायज्ञ) सम्पन्न भएको छ । कुलपति गुरूदेव प्रताप चक्रवर्तीले दीप प्रज्वलन गरि समुद्घाटन गर्नु भएको कार्यक्रममा ब्रह्मज्ञानी गुरूदेव डा. क्षितीश चन्द्र चक्रवर्ती द्वारा रचित नेपाली वेद साक्षात्कार २०७ वाचन गरिएको थियो ।

बाचन गर्दै चक्रवर्तीले "सर्वोपरि ठूलो कुरा हो ब्रह्म "ब्रह्मत्वात ब्रह्म।सर्वोपरि ठूलो भएकैले उसैलाई ब्रह्म भनिएको छ । त्यो ब्रह्म शब्दको नाम हो ईश्वर । जस्तो पिताको नाम देवदत्त हो । त्यसैले ईशा वास्यमा भनिएको छ- पृथ्वीमा जति कुरा पाइन्छन् उसको नाम हो ईश्वर । त्यसैको नाम ब्रह्म हो । ईश्वर पारिभाषिक शब्द हो र अलिक अचल्तीको शब्द हो ब्रह्म । जगतको सार सर्वस्व हो ईश्वर । अद्वैत वेदान्तको सिद्धान्तलाई उपनिषद्ले सजिलो भाषामा बताएको छ । तिमी हामीलाई ईश्वररूपभनी संझनुपर्छ भन्नुभयो ।

## ग्राफिकको सुनको सिक्का स्पन्दन यतायात सेवा प्रा.लि. लाई



चितवन/भरतपुर-११ वाईपास रोड स्थित ग्राफिक मार्ग प्रा.लि.ले सञ्चालन गरेको सुनको सिक्का अफरको प्रथम बिजेता पुरस्कार स्पन्दन यातायात सेवा प्रा.लि. ले प्राप्त गरेको छ । प्रालिका सञ्चालक गोविन्द तिवारीले उक्त पुरस्कार प्राप्त गर्नुभएको छ । सोमबार आयोजित औपचारिक कार्यक्रमका विच ग्राफिक मार्गको अफिससियल फेसबुक पेज मार्फत लाईभ प्रसारणद्वारा प्रथम, द्वितीय र तृतीय गरी ३ वटा कम्पनीहरुलाई सुनको सिक्का अफरको बिजेता घोषणा गरिएको हो । क्रमसः स्पन्दन यातायात सेवा प्रा.लि. प्रथम, माँ पार्वती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. द्वितीय र ग्लोबल मल्टी ट्रेडिङ प्रा.लि. तृतीय भएको कम्पनीका प्रबन्ध निर्देशक जनक खड्काले बताउनुभयो ।

छोटो समयमै आफ्नो छुट्टै पहिचान बनाउन सफल ग्राफिक मार्ग प्रा. लि.ले गत मिति २०७९ भाद्र १ गते देखि २०७९ फागुन ३१ गते सम्मको लागि लागु हुने गरि ग्राहकमैत्री सुनको सिक्का अफर सञ्चालन गरिएकोमा यो अबधि भित्र दर्ता भएका सम्पूर्ण नयाँ कम्पनीहरुमध्येबाट लक्की ड्र गरि प्रथम उपहार सुनको सिक्का, दोस्रो उपहार चाँदीको सिक्का र तेस्रो उपहार आकर्षक गिफ्ट ह्याम्पर प्रदान गरिएको खड्काले जानकारी दिनुभयो ।

सुनको सिक्का अफर अवधिमा १५० वटा नयाँ कम्पनी

*बाँकी अन्तिम पृष्ठमा...*

## लायन्स क्लव अफ चितवन चौतारीद्वारा स्टेशनरी वितरण




भरतपुर/लायन्स क्लब अफ चितवन चौतारीले सोमबार गैडाकोट-३ बृन्दापुरमा रहेको पञ्चकन्या आधारभुत बिद्यालयमा स्टेशनरी सामाग्री बितरण गरेको छ । क्लबको बार्षिक कार्ययोजना अनुरुपनै स्टेशनरी बितरण गरिएको क्लबका पुर्व अध्यक्ष बिष्णुप्रसाद चालिसेले बताए । २ बर्ष अगाडी देखी लायन्स गाँउ घोषणा गरी गैडाकोट ३ बृन्दापुरमा क्लबले बिभिन्न कार्यक्रम गर्दै आईरहेको छ । पञ्चकन्या आधारभुत बिद्यालयमा कक्षा कोठा निमार्ण, खेलकुद मैदानको पुर्न निमार्ण, बिद्यालय हातासँगैको चौतारी निमार्ण गरेको छ । बिद्यालय परिसरमा बृक्षारोपण, बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण लगायतका बिबिध कार्यक्रम गरेको क्लबले जनाएको छ ।

प्रमुख अतिथिका रुपमा कार्यक्रममा उपस्थित लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक ३२५ आरका निर्वाचित प्रथम डिष्ट्रिक गर्भनर लायन दिनानाथ न्यौपानेले शिक्षामा गरिएको लगानीको प्रतिफल देशले नै प्राप्त गर्ने भएको बताउदै यस्तै प्रभावकारी कामले लायन्सहरुको ईज्जत बढाएको बताउनुभयो । प्रमुख अतिथि न्यौपानेले बिद्यालयमा अध्ययनरत सबै बिद्यार्थीहरुलाई झोला, कपी, सिसाकलम लगायतका स्टेशनरी सामाग्रीहरु हस्तान्तरण गर्नुभएको हो ।

स्टेशनरी हस्तान्तरण कार्यक्रममा गैडाकोट नगरपालिका वडा ३ का वडा सदस्य सूर्यमाया दर्लामी, लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक ३२५ आरका सचिब राजेन्द्र गौतम, डिष्ट्रिक एक्जुकेटिभ चिफ प्रभाकर पण्डित, डिष्ट्रिक एक्जुकेटिभ को-चिफहरु कृष्ण पाण्डे, गोपाल गौतम,शिक्षक अभिभावक संघका पदाधिकारी, अभिभावकहरु एंव क्लबका पदाधिकारी एवं सदस्यहरुको उपस्थिती रहेको थियो । कार्यक्रम लायन्स क्लब अफ चितवन चौतारीका अध्यक्ष लायन लालप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।

### भरतपुर महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**सार्वजनिक सडकको आवगमनमा बाधा पुऱ्याउने, सडक कुरूप बनाउने गरि पेन्टिङ गर्ने, अनुमति बिनाको होडिङ बोर्ड हटाउने सम्बन्धि सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति : २०८०/०३/११

यस भरतपुर महानगरपालिका भित्रका सार्वजनिक सडकहरुमा अनाधिकृत रुपमा सडकको आवगमनमा बाधा पुऱ्याउने गरी निर्माण सामग्री र माल वस्तुहरु राख्ने वा व्यापार गर्ने, सहरको सौन्दर्य नै कुरुप बनाउने गरी सडकमा लोगो र अन्य पेन्टिङहरु गर्ने, सडक क्षेत्राधिकारमा अनुमति बिनाका होडिङबोर्ड, पोस्टर, पम्प्लेट, पर्चा, ब्यानर, गेट टाँस्ने वा राख्ने कार्यहरु गरिएको पाइएकाले उक्त कार्य नगर्न, नगराउन सम्बन्धित सरोकारवालालाई सूचित गराईन्छ । साथै यस सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र उक्त सामग्री, संरचना र पेन्टिङहरु नहटाईएमा यसै कार्यालयबाट सार्वजनिक सडक ऐन, २०३१ को दफा १८, १९, २१ बमोजिम हटाइनेछ र हटाउँदा लागेको खर्चसमेत सरकारी हर्जाना बाँकी सरहबाटै असुलउपर गरिने व्यहोरासमेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गरिन्छ ।

भरतपुर महानगरपालिका

**अब नयाँ कम्पनी दर्ता रू.9,999 मात्र ।**

अन्य सेवाहरु

- नयाँ कम्पनी दर्ता, पुँजीबृद्धि, ठाउँसारी, नामसारी, नविकरण तथा अध्यावधिक र दर्ता देखि खारेजी सम्मका सम्पूर्ण कामहरू गर्नको लागि काठमाण्डौ जानै नपर्ने गरी सहजीकरण गरिने ।
- वडा दर्ता, घरेलु तथा वाणिज्य दर्ता सहजिकरण गर्नुको साथै ब्राण्ड दर्ता र Exim Code दर्ता सम्बन्धि कामहरू समेत सहजिकरण गरिने ।
- कर, भ्याट र लेखा सम्बन्धि सम्पूर्ण कामहरू, मास्केवारी Entry, D1, D2 & D3 Entry गरि करचुक्ता निकाल्न सहजीकरण गर्नुका साथै यस सम्बन्धि निशुल्क परामर्श समेत दिईने ।
- बैंक प्रयोजनको लागि आवश्यक पर्ने Projected Report, Business Plan & Business Scheme हरू समेत तयार गरिने ।

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट अनुमती (License) प्राप्त नेपालकै एक मात्र भरपर्दो

**आधिकारिक सेवा केन्द्र**

**ग्राफिक मार्ग प्रा. लि.**
मुख्य कार्यालय : भरतपुर-११, बाईपासरोड, चितवन
056-522279
9855022279
9809512750

सम्पर्क कार्यालयहरुः बिजौरी, दाङ | पोखरा, कास्की | त्रिपुरेश्वर, काठमाण्डौ | जनकपुरधाम, धनुषा | कावसोती, नवलपरासी | दमौली, तनहुँ

**मास्टर शोफा एण्ड फर्निचर**

भरतपुर २, क्षेत्रपुर, मिल्स एरिया, चितवन
सम्पर्क : ०५६५२४२१९, ९८५५०५१४२९



अफिस, होटल, रेष्टुरेन्ट, हस्पिटल तथा घरयासी प्रयोजनको लागि शोफा तथा फर्निचरहरु अर्डर अनुसार तयार गरिन्छ ।

साथै हेड बोर्ड र विभिन्न कुर्सीहरुमा रेग्जिन फर्मको काम गरिन्छ ।

# आमाको माया छात्रावासलाई स्पाउज क्लब अफ नारायणगढ रोटरीको सहयोग



भरतपुर/स्पाउज क्लब अफ नारायणगढ रोटरीले भरतपुर-१२, नवरत्न टोलमा अवस्थित आमाको माया छात्रावासका १५ जना नानीहरुलाई गर्मी यामका लत्ताकपडा, खाद्यान्न लगायत आवश्यक सामाग्रीहरू वितरण गरेको छ ।

रोटरी क्लब अफ नारायणगढका पूर्वअध्यक्षहरू रोहितकुमार श्रेष्ठ र सुसनलाल प्रधानको उपस्थितिमा स्पाउज क्लबका अध्यक्ष सम्झना प्रधानले छात्रावासका प्रमुख साबित्री ढकाललाई उक्त सामग्रीहरू वितरण गरेकी हुन् ।

अध्यक्ष सम्झना प्रधानले विभिन्न जनजातीका बालबालिकाहरूलाई छात्रावासको सुविधासहित पठनपाठन गराएर उनीहरूको भविष्य निर्माणमा लागिपरेकी छात्रावास प्रमुख सावित्री ढकालको प्रशंसा गर्दै धन्यवाद दिएकी थिइन् । अध्यक्ष प्रधानले व्यक्तिगत तवरमा उक्त छात्रावासलाई सहयोग गर्दै आइरहेको र स्पाउज क्लबको अध्यक्षको हैसियतले आफ्नो कार्यकालको अन्तिम कार्यक्रमको रूपमा क्लबको तर्फबाट सहयोग उपलब्ध गराउन पाएकोमा आफूलाई गौरवान्वित महसुस भएको र यस किसिमको सामाजिक कार्यबाट आनन्दको अनुभूति प्राप्त भएको बताइन् । उनी आमाको माया छात्रावासका आजीवन सदस्य समेत हुन् ।

स्पाउज क्लबका संस्थापक अध्यक्ष शान्ति उपाध्याय पौडेलले छात्रावासका बाबुनानीहरूको उज्ज्वल भविष्यको कामना गर्दै आगामी दिनहरूमा पनि क्लबले आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिन् । मन्तव्यको क्रममा नारायणगढ रोटरी क्लबका पूर्व अध्यक्ष रोहितकुमार श्रेष्ठले छात्रावासमा आश्रीत नानीहरुको भविष्य निर्माणका लागि अहोरात्र उनीहरूको संरक्षण र सम्वर्द्धनमा कटिबद्ध ढकाललाई धन्यवाद दिएका थिए ।

छात्रावासका प्रमुख ढकालले नानीहरुको भरणपोषणका निमित्त नारायणगढदेखि आएर सहयोग प्रदान गरेकोमा खुसी व्यक्त गर्दै स्पाउज क्लब अफ नारायणगढ रोटरीका अध्यक्ष सम्झना प्रधान लगायत सम्पूर्ण टिमलाई धन्यवाद व्यक्त गरेकी थिइन् ।

कार्यसमिति सदस्य शान्ति श्रेष्ठको संयोजकत्वमा सम्पन्न भएको उक्त कार्यक्रम स्पाउज क्लबका सचिव इन्दु श्रेष्ठले सञ्चालन गरेकी हुन् । कार्यक्रममा स्पाउज क्लबका निवर्तमान अध्यक्ष निरा प्रधान श्रेष्ठ, कोषाध्यक्ष दुर्गा श्रेष्ठ, सह-सचिव डा. सुरक्षा श्रेष्ठ, सदस्यहरू अञ्जु प्रधान, पुनम श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन, बागमती प्रदेश, नेपाल

## निकासी कर आय ठेक्का बन्दोबस्त सम्बन्धि दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८० आषाढ १२ गते**

यस माडी नगरपालिकाको आर्थिक ऐन २०८० को दफा ६ र १६ अन्तर्गत यस नगर क्षेत्रवाट प्राप्त हुने कवाडी, बनकस (खर बाबियो, मलहन, पत्ता, छवाली, पराल, वागास, निगालो, लोक्ता, पटेर, अम्लिसो कुचो) बाँस र जर्ना, पशुपन्छी, अन्नवालीको आर्थिक ऐनको अनुसूची ८ र अनुसूची १७ अनुसारको कर तथा बसपार्क व्यवस्थापन पटके शुल्क तथा शैक्षिक कोष योगदान संकलन गर्न मिति २०८० असार ७ गतेको कार्यपालिकाको निर्णय अनुसार न्युनतम (मूल्य अभिवृद्धि कर बाहेक) रु २०,००,०००/-(अक्षरेपी- बीस लाख रुपैयाँ) रकम नघट्ने गरी २०८१ असार मसान्त सम्म १ (एक) वर्षका लागि तपशिलमा उल्लेखित कागजात संग्लन राखी ईच्छुक संघ संस्था, फर्म वा व्यक्तिहरुले यो सूचना प्राप्त भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र तोकिए बमोजिमको दस्तुर बुझाई दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र आफूले कबोल गरेको ठेक्का अंकको ५% धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक बसन्तपुर शाखाको धरौटी च.हि.नं ०५०८८००९१५९७७०९१ मा रकम दाखिला गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) श्रेणीको बैंकबाट ७५ दिनको म्याद भएको विडवण्ड सहित तोकिएको शर्तहरुको अधीनमा रही रितपूर्वक दरभाउपत्र दाखिला गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । रित पुर्वक नभएको तथा तथा म्याद नाघी आएको दरखास्त उपर कारवाही हुने छैन ।

तपशिल :

- नेपाली नगरिकताको प्रमाण पत्र
- फर्म दर्ता प्रमाण पत्र
- फर्म नविकरण भएको प्रमाण-पत्र
- स्थाई लेखा दर्ता प्रमाण पत्र/मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र तथा
- आ.व. ०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
- दरभाउपत्र फारम दस्तुर रु १०००/-

(प्रमुख प्रशासकीय अधिकृत)


## विशेष छुटमा घडेरी र घर विक्रीमा तथा सटर भाडामा

### मासिक किस्ताबन्दीमा आकर्षक घडेरी विक्रिमा

- भरतपुर महानगरपालिका ९ आस्थाचोकमा व्यवस्थित प्लानिङ गरिएको आनन्द कोलोनीमा १० धुरदेखि माथिको घडेरीहरु ।
- भरतपुर महानगरपालिका ३ बाह्रघरे अनन्त कोलोनीमा ६ धुरको घडेरी र RCC घरहरु ।
- रत्ननगर १० पर्सौनीमा १० धुर घडेरीहरु ।
- रत्ननगर १६ पिठुवा दोवाटोमा ४ कोठाको घर तथा घडेरीहरु ।
- व्यापारिक केन्द्र रत्ननगर टाँडी सौराहाचोक गंगा प्लाजा परिसरमा विभिन्न घडेरीहरु विक्री तथा व्यवसाय संचालन गर्न सटरहरु भाडामा उपलब्ध छन् ।
- रत्ननगर गंगाप्लाजा परिसर होटल गंगोत्री हाइवेसँगै RCC भवनको पहिलो तलामा कन्सलटेन्सी, कार्यालय प्रयोजन लगायत अन्य व्यवसायिक कोठा भाडामा छ ।
- भरतपुर महानगरपालिका ३ गंगोत्री चोक र भरतपुर १ गणेशहल अगाडी व्यवसायिक प्रयोजनको सटरहरु भाडामा छन् ।

आकर्षक घर, घडेरी किस्ताबन्दीमा खरिद गरि चितवनमा बसोवास गर्ने सपना साकार पारौं

सम्पर्क :

**गंगा प्रा.लि.**

शहिदचोक नारायणगढ

९८०२९५६०७१, ९८०२९५६०२५, ९८०२९५६०४०, ९८५५०५६०५८


## चट्याङको समयमा सतर्क रहौं ।

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार

विज्ञापन बोर्ड


## चितवनकै पहिलो हिरा (डायमण्ड) को शोरुम

हिराको आकर्षक गरगहनाको एकमात्र गनतव्य

## लोकमान एण्ड सन्स डायमण्ड ज्वेलरी

फोन: ०५६-५२०७९३



सुनचाँदीका आकर्षक गरगहना खरिद गर्नको लागि सम्झनै पर्ने नाम

## न्यू लोकमान एण्ड सन्स (सुनचाँदी पसल)

फोन: ०५६-५२०२१२

मध्य नेपालको आवाज-सत्य, तथ्यको वाहक

**लोकतन्त्र सन्देश**

राष्ट्रिय दैनिक समाचारपत्र Loktantra Sandesh National Daily Newspaper

**शहीद स्मृति प्रकाशन प्रसारण प्रा.लि.द्वारा प्रकाशित**

सम्पादकः **नारायण देवकोटा**

कार्यकारी सम्पादकः **सन्तोष देवकोटा** (मो. ९८४५०८४७२१)

प्रवन्ध सम्पादकः **ध्रुबराज मिश्र**

निर्देशकः **कृष्णहरि तिमल्सेना,**

कम्प्युटर ले-आउटः **जनक खड्का**

मुख्य कार्यालयः भरतपुर-१०, चितवन

फोनः ०५६-४९०९५४, फ्याक्सः ०५६-५२३११६

ईमेल : loktantrasandesh@gmail.com

शाखा कार्यालयः टाँडी (९८४५३१८३९८), पर्सा, भण्डारा, गीतानगर, गैंडाकोट, माडी, हेटौडा,

मुद्रकः **सिद्धबाबा प्रेस प्रा.लि.** भरतपुर, चितवन

# सम्पादकीय.....

## जनचेतना र घट्दो सुर्तीजन्य पदार्थको सेवन

सुर्तीजन्य पदार्थको प्रयोग एक खालको नसा हो । सुर्तीजन्य पदार्थको प्रयोगमा बानी परे पछि छुटाउन निकै कठिन हुन्छ। सुर्तीजन्य पदार्थको सेवन स्वास्थ्यको लागि अत्याधिक हानिकारक हुन्छ । यसको प्रयोग गर्नु राम्रो होइन । तर पछिल्लो तथ्यांक अनुसार नेपालमा सुर्तीजन्य पदार्थको सेवन घटेको छ। नेपालमा सुर्तीजन्य पदार्थको सेवनबाट हुने हानिबारे जनचेतना फैलिएकाले सेवनकर्ता बिस्तारै घट्दै गएको सरकारले सार्वजनिक गरेको विभिन्न तथ्याङ्कले देखाएको छ। सुर्तीजन्य पदार्थको बट्टा तथा प्याकेजिङमा ९० प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने र धूम्रपान तथा सुर्तीजन्य पदार्थले फोक्सोको क्यान्सर हुन्छ भन्ने चेतावनीमूलक सन्देश र चित्र छाप्नुपर्ने उल्लेख गरिएको छ । सोही चित्रका कारण पनि कतिपयले सुर्तीजन्य पदार्थको सेवन नगरेको पाइएको छ ।

सरकारले यही असार ८ गते सार्वजनिक गरेको जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ मा विगतभन्दा सुर्तीजन्य पदार्थको सेवनमा कमी आएको देखाइएको छ। सर्वेक्षणमा पुरुषको तुलनामा महिलामा सुर्तीजन्य पदार्थको सेवन एकदमै कम मात्रामा हुने गरेको छ। सर्वेक्षणअनुसार १५ देखि ४९ वर्ष उमेरका २८ प्रतिशत पुरुष र पाँच प्रतिशत महिलाले सुर्तीजन्य पदार्थको सेवन गर्दछन् । सोही स्वास्थ्य सर्वेक्षणअनुसार २००१ मा सुर्तीजन्य पदार्थको सेवन गर्ने ४५ प्रतिशत पुरुष र २३ प्रतिशत महिला रहेका थिए ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१९ मा सार्वजनिक गरेको सर्वेक्षणमा नेपालमा २८ दशमलव नौ प्रतिशत मानिसले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने गरेको पाइएको छ। पन्ध्रदेखि ६९ वर्ष उमेर समूह ४८ दशमलव तीन प्रतिशत पुरुष र ११ दशमलव छ प्रतिशत महिलाले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने गर्दछन् । केही वर्षअघि नेपालमा ३० प्रतिशत (५१ दशमलव नौ प्रतिशत पुरुष र १३ प्रतिशत महिला) मानिसले सुर्तीजन्य पदार्थको सेवन गर्ने गरेका थिए । पहिलो पटक धूम्रपान सुरु गर्दाको औसत उमेर १७ दशमलव आठ रहेको छ ।

# समाजवादी मोर्चा:सत्ता जोगाउन अन्तिम ताउरमाउर



विचार

...सुदर्शन आचार्य

समाजवादी मोर्चा नाम दिएर नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र संसद बाहिर रहेको नेत्रविक्रम चन्द नेतृत्वको नेकपा सम्मिलित एउटा पृथक् गठबन्धन निर्माण भएको छ। राजनीतिक स्थिरताको 'कलेवर'मा निर्मित सत्तारुढ गठबन्धनभित्रका केही दल र सत्ता बाहिरको चन्द नेतृत्वको दलको उद्देश्य भनेको प्रचण्ड नेतृत्वको सरकारको निरन्तरता मात्रै हो । यसको अर्थ पूर्वनिर्धारित समयसम्म सत्ताको निरन्तरताकै लागि यो गठबन्धन बनेको भनेर निष्कर्ष निकाल्नका निम्ति थप तर्क अगाडि सारिरहनु नपर्ला । भन्न त मोर्चाको प्रमुख उद्देश्य संघीयता, लोकतान्त्रिक व्यवस्था, सुशासन र आर्थिक समृद्धि भनिएको छ । तर, मोर्चाका नेताहरूको चारतिरको राजनीतिक फर्काइ र राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्तिकेन्द्रले खेल्ने जोडघटाउको खेलले मोर्चाको भविष्य सुखद् भन्दा पनि मोर्चा वा गठबन्धनको संस्कृति आफैंमा गलत संस्कृतिको रूपमा बुझ्नुपर्ने हुन्छ ।

मोर्चाका नेताहरूमध्ये प्रमुख नेता पुष्पकमल दाहाल रणनीतिका




चलायमान खेलाडी हुन् । सरकारमा रहेर पछिल्लो समय उनले गरेको कार्यसम्पादन, भारत भ्रमणमा भारत सरकारले प्रम प्रचण्डमाथि देखाएको उदासीनता, नेपाल सरकारको फितलो तयारी, संवादमा परराष्ट्रमन्त्रीलाई बाइपास गरेर छोरीलाई दिइएको प्राथमिकता जस्ता विषयवस्तुको गम्भीर अर्थ रहन्छ । यसबाट सत्तारुढमध्येको ठूलो घटक नेपाली कांग्रेस चिढिएको त थियो नै यही बीचमा बोझिलो संघीयता र समानुपातिक निर्वाचन प्रणालीबाट हुने राजनीतिक अस्थिरताकै कारण जनताका बीच कांग्रेस अलोकप्रिय बन्दै गएको अन्तिम निष्कर्ष सहित कांग्रेस लगभग संविधान संशोधनको पूर्वसन्ध्यामा देखिएको छ । तसर्थ, कांग्रेस र प्रतिपक्ष दल एमाले सहित राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी सहित केही मधेशवादी दल समेत संविधान संशोधनकै एजेण्डामा पुग्दै गरेको अनुमान लगाउन कठिन छैन । विकसित पछिल्लो राजनीतिक घटनाक्रमसँगै संविधान संशोधनदेखि सरकार निर्माणसम्मको तहमा 'कांग्रेस-एमाले' पुग्न सक्ने संशयका बीच एमालेलाई 'धम्क्याउन' र कांग्रेसलाई 'तर्साउन' समाजवादी मोर्चा निर्माण भएको विषय अब 'गोप्य' रहेन ।

भू-राजनीतिक हिसाबले पनि हिजो नेकपा निर्माणका खेलाडी थाकेका देखिंदैनन् । आज नेपालभित्र मोर्चामा आवद्ध दलहरूमा केही फेरबदल भयो त्यो बेग्लै कुरा हो । तर, आजैदेखि मोर्चा निर्माण गरेर अगाडि बढ्न नसक्दा माओवादी केन्द्र लगायत मोर्चा आवद्ध दलले २०८४ को चुनाव फेस गर्ने सवाल लगभग 'फलामको चिउरा' देखिन्छ । तसर्थ, समाजवादी मोर्चा आवद्ध दलका लागि 'मोर्चा निर्माण' आफैंमा जीवनमरणको सवाल बन्न गएको हो । कांग्रेस, एमाले, रास्वपा र राप्रपा संघीयता खारेजी, समानुपातिक निर्वाचन प्रणालीको विकल्पका विषयमा संविधान नै संशोधनको तहमा पुग्न सक्छन् । उता जोडतोडले उठेको हिन्दु धर्मको एजेण्डामा समेत यी दलले २०८४ को निर्वाचनमा धार्मिक विषयलाई समेत जोडेर जनमत संग्रहको मुख्य मुद्दाको रूपमा उठान गर्न सक्छन् । यही विषयको संकेत पाएरै हुनुपर्दछ - समाजवादी मोर्चाको जन्म ।

घोषणापत्रको जति नै राजनीतिक 'कलेवर' दिइए पनि मोर्चामा आबद्ध दलका नेताको 'चरित्र र चेहरा'ले मोर्चाको भविष्यको स्पष्ट संकेत गर्दछ । समाजवादी मोर्चा घोषणाको मूल ध्येय भनेको ३२ सिट रहेको माओवादी केन्द्र, १२ सिटको जसपा, १० सिटको एकीकृत समाजवादी मिलाएर सत्ता बार्गेनिङको कार्ड निर्माण नै हो । अर्कातिर डा. बाबुराम भट्टराईदेखि वामदेव गौतमसम्मको उक्त मोर्चामा भएको अनुपस्थिति भनेको फरक विचारलाई अस्वीकार गरेको देखिन्छ । तसर्थ पनि ५४ सिट देखाएर बार्गेनिङ गर्ने बाहेक प्रचण्डका अलावा माधवकुमार नेपाल, उपेन्द्र यादव जस्ता

***बाँकी तेस्रो पृष्ठमा...***

# नागरिकता बनाउँदा नांगो हुनुपर्ने किन हो ?



विचार

...इन्द्र टमटा

निर्वाचन आयोगका एक पूर्वआयुक्तले एक दैनिक पत्रिकामा 'हो, हाम्रो छोरो गे हो' भन्दै उनको लैंगिक पहिचानसहित भावुक लेख लेखे । केही दिनमै 'एक नेपाली बुवाको जागरण' भन्दै त्यसको अंग्रेजी अनुवाद छापियो । त्यो लेख धेरैले पढे होलान् र पढ्नेहरूमा जागृति पनि आयो होला । उक्त लेखले नेपाली समाज खुला हुँदै गएको र साझा सरोकारका विषयले सार्वजनिक बहसमा स्थान पाइरहेको देखिन्छ । तर त्यो लेखको अर्को पाटो पनि छ। त्यहाँ भनिएको समलिंगी जोडीको विदेशी विवाहित साथीलाई नेपालमा बस्न पाउने गरी गैरपर्यटकीय भिसा दिन अध्यागमन विभागले अस्वीकार गरेको थियो । यो विभागको आफ्नै नियमावली २०५१ को नियम ८ विपरीत हुन्छ । नियम ८ मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरी विवाह दर्ताको प्रमाण पेस गरे गैरपर्यटकीय भिसा पाउने व्यवस्था छ । विपरीत लिंगी विवाहित जोडीले फारममा पति/पत्नी भनेर विवरण खुलाए सजिलै भिसा पाउँथे । तर यही पति/पत्नीको विवरण भर्नुपर्ने व्यवस्थाले उक्त समलिंगी जोडीलाई भिसा पाउन




गाह्रो भयो । यसमा विभागको अनलाइन प्रणालीको पनि प्राविधिक समस्या थियो । यो घटनामा अध्यागमन विभागलाई विपक्षी बनाएर उक्त समलिंगी जोडीले सर्वोच्च अदालतमा रिट निवेदन हाल्यो ।

सर्वोच्चको संयुक्त इजलासले २०७९ पुस ४ गते अध्यागमन विभागका नाममा निर्देशनात्मक आदेश जारी गर्दै ती नेपाली समलिंगीसँग विवाह गरेका विदेशी नागरिकलाई गैरपर्यटकीय भिसा दिनू भनेर फैसला सुनायो । यस्तै समस्या समाधान गर्न भनेर २०६४ सालमा सर्वोच्च अदालतले 'फरक लैंगिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले अरू व्यक्ति सरह बिनाभेदभाव आफ्नो हकअधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानुन बनाउनू वा भएका कानुन संशोधन गरी आवश्यक प्रबन्ध गर्नू' भनी आदेश दिएको थियो । तर कानुन निर्माण गर्नु त परको कुरा, भएका कानुनमा पनि सुधार नगरी 'अदालतको आदेश कार्यान्वयन गर्न अध्ययन हुँदैछ' भन्दै सरकार पन्छिरहेको छ । माथिको घटना यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायसँग जोडिएको एक प्रतिनिधि घटना मात्र हो । नेपालमा यस्ता कैयन घटना छन्, जसलाई सुन्दा हामी कति अमानवीय, असहिष्णु र गैरजिम्मेवार रहेछौं भन्ने ज्ञात हुन्छ ।यो लेखमा समुदायको समस्यासँग जोडिएका तीनवटा प्रतिनिधि घटनाबारे छोटो चर्चा गरिएको छ । पहिलो घटना रूपन्देही जिल्लाको हो । लुम्बिनी प्रदेशमा लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको संख्या ४५० हाराहारी छ । तर जनगणना २०७८ मा उनीहरूको पहिचानसहित गणना गरिएको छैन ।

यहाँ एक समलिंगी केटीले १६ वर्ष पूरा गरेर नेपाली नागरिकता प्राप्त गर्न वडा कार्यालयमा सिफारिसका लागि आवेदन पेस गरिन् । वडाले जसोतसो सिफारिस गरिदियो । तर जिल्ला प्रशासन कार्यालय नागरिकता प्राप्त गर्ने बाटोमा यस्तरी कंकड बन्यो, उनी चिकित्सकका अगाडि नग्न हुन बाध्य भइन् । नागरिकताको सिफारिसमा उनले आफ्नो लैंगिक पहिचान महिला वा पुरूष नभई 'अन्य' मा सूचित गर्न माग राखेकी थिइन् । वडाको सिफारिस पनि त्यसैबमोजिम थियो । जिल्ला प्रशासन कार्यालयले भने स्वास्थ्य परीक्षण गराई लैंगिक पहिचान खुलाउनुपर्ने अड्डी कस्यो । आखिरमा प्रशासनले लुम्बिनी प्रादेशिक अस्पताललाई उनको लिंग पहिचान गरिदिन पत्र लेख्यो । पत्र प्राप्त हुनासाथ अस्पतालका तीन जना चिकित्सकले उनलाई परीक्षण कक्षमा लगेर सबै वस्त्र फुकाल्न लगाए । उनले सबै लुगा एक-एक गरी फुकालिन् । लुगा फुकाल्दै गर्दा उनले आफूलाई सम्हाल्न खोजिन् । तैपनि मनमा उठेका भावले यसरी ढाक्यो, शरीर

***बाँकी तेस्रो पृष्ठमा...***

## आजको दिन

ज्यो.भरत अधिकारी

**मेष:** धार्मिक कार्यमा रुचि, रोजगार को अवसर, पदोन्नति ।

**वृष:** धन प्राप्ति, मित्र भेट, पशु वहानबाट लाभ ।

**मिथुन:** प्रियजनबाट सहयोग, पदोन्नति, कृषिबाट लाभ ।

**कर्कट:** छोटो यात्राको अवसर, खर्चमा वृद्धि, प्रेम प्रस्ताव उत्तम ।

**सिंह:** मान, प्रतिष्ठामा वृद्धि, व्यापारमा लाभ, नयाँ मित्र बन्ने ।

**कन्या:** सहयोग प्राप्ति, रोजगारको अवसर विद्यामा सफल ।

**तुला:** अस्वस्थता, प्रेममा मनमुटाव, वैदेशिक यात्रामा हानी ।

**वृश्चिक:** शुभ समाचार प्राप्ति, यात्रा उत्तम, उत्सह थपिने ।

**धनु:** विद्यामा प्रगति, स्वास्थ्यमा सुधार आफन्तसँग झगडा ।

**मकर:** व्यवसायमा प्रगति, अचानक यात्रा, धन आगमन ।

**कुम्भ:** यात्राको अवसर, मिष्ठान्न भोजन, विद्यामा सफलता ।

**मीन:** गोष्ठी, समारोहमा सम्लग्न, अनावश्यक खर्च, कृषिमा लाभ ।

## चितवन र नवलपरासीको अत्यावश्यक टेलिफोन नम्बरहरू

| सुरक्षा निकाय | |
|---|---|
| प्रहरी कन्ट्रोल कक्ष | १०० |
| जिल्ला प्रहरी कार्यालय, चितवन | ५२०१५५ |
| जिल्ला प्रहरी कार्यालय, नवलपरासी | ५२०१९९ |
| जिल्ला ट्राफिक कार्यालय, चितवन | ५२४८९९ |
| जिल्ला ट्रा. प्र. कार्यालय नवलपरासी | ५४००३० |
| इलाका प्रहरी कार्यालय, कावासोती | ५४०१७९ |
| इलाका प्रहरी, मुग्लिङ्ग | ५४०००३ |
| इलाका प्रहरी गैडाकोट | ५०११९९ |
| इलाका प्रहरी कार्यालय, रत्ननगर | ५६०१९९ |
| इलाका प्रहरी कार्यालय, पर्सा | ५८२०९९ |
| वडा प्रहरी कार्यालय, पुलचोक | ५७११४६ |
| गढीमाई गण, भण्डारा | ५५०१९९ |

| दमकल/एम्बुलेन्स सेवा | |
|---|---|
| दमकल भरतपुर न.पा. | ५२१०८३ |
| दमकल रामग्राम न.पा. | ५२०१०१ |
| एम्बुलेन्स रेडक्रस चितवन | ५२०१३३ |
| एम्बुलेन्स एन.पि.आई | ५२५५१७ |
| एम्बुलेन्स कावासोती | ५४०४१८ |
| एम्बुलेन्स, रत्ननगर | ५६०२०१/५६१२०० |
| एम्बुलेन्स, चनौली | ९८४५०५६९३९ |
| एम्बुलेन्स, ज्योतिनगर | ०५६-६२०२१५, ९८५५०५८४७४ |
| एम्बुलेन्स, बछौली | ५८०१११ |
| एम्बुलेन्स गीतानगर | ९८४५०६५९६३ |
| एम्बुलेन्स महेन्द्रचोक | ९८४५११२२८४ |
| एम्बुलेन्स पार्वतीपुर | ९८४५०५०५४५ |
| एम्बुलेन्स गैडाकोट | ५०२०९०/५०११०० |
| एम्बुलेन्स पर्सा | ५८२३२५, ९८५५०५७१७२ |
| एम्बुलेन्स पिठुवा | ५६१२७४ |
| एम्बुलेन्स पटिहानी | ६२०३५१, ९८४५०४७४८७ |
| एम्बुलेन्स शारदानगर | ९८४५०५६६३७ |
| एम्बुलेन्स भण्डारा | ५५०१३३ |
| एम्बुलेन्स शक्तिखोर | ९८४५०५६०३३ |
| एम्बुलेन्स (नारी एकता केन्द्र, भरतपुर) | ५२१७७६ |
| एम्बुलेन्स सहमती | ९८५५०५६५५९ |
| नारायणी होटलसंघ नारायणगढ | ५३२०८०, ९८०४२४४७६ |
| एम्बुलेन्स, जुटपानी | ९८४५०४३७०९ |

| प्रशासन कार्यालयहरू | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय, चितवन | ५२०१०५ |
| जिल्ला प्रशासन कार्यालय, नवलपरासी | ५२०११७ |
| जिल्ला विकास समिति, चितवन | ५२०१४७ |
| जिल्ला विकास समिति, नवलपरासी | ५२०१४४ |
| भरतपुर नगरपालिका | ५२१४६७ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| विद्युत प्राधिकरण, परासी | ५२०११५ |
| विद्युत प्राधिकरण, कावासोती | ५४०२०२ |

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ, नवलपरासी | ५२०४७९ |
| हाम्रो एफ.एम. | ५३२९९७/९८ |
| सिनर्जी एफ.एम. | ५२६९१६/५२६९१७ |
| रेडियो त्रिवेणी | ५३३१४१/४२ |
| कालिका एफ.एम. | ५२७१५८/५२७१५९ |
| रेडियो चितवन | ५६२५६६/६७ |
| विजय एफ. एम. | ५०१४०४/५०१४०५ |
| ग्रेट एफ.एम. | ५८३७७२ |
| लोकतन्त्र सन्देश | ५२६५५४ |
| चितवन पोष्ट दैनिक | ५२४४९२ |
| पारदर्शी दैनिक | ५७१२८० |
| कायाकैरन दैनिक | ५३३१६६ |
| बागेश्वरी साप्ताहिक | ९८४१६४६७१४ |
| क्रिष्टल टेलिभिजन | ५२२६५४ |
| बेसो टेलिभिजन | ५२७६३६, ५२७४५५ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| नेपाल समाचारपत्र | ९८४५०६८०५४ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| रोडियो सम्पदा | ४००००९ |

| स्वास्थ्य संस्थाहरू | |
|---|---|
| चितवन मेडिकल कलेज | ५३२९३३/३६ |
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| मेडिकल कलेज | ५२४२०३ |
| नारायणी सा. हस्पिटल | ५२५५१४, ५२८८१७ |
| ब्लड बैंक | ५२०८८० |
| नेशनल सिटी हस्पिटल | ५२३४११ |

## समाजवादी.....

'लिडर'हरूको समयले पटक-पटक परीक्षा लिइसकेकाले फेरि उहाँहरूबाटै न त विथोलिएको राजनीति ट्र्याकमा ल्याउन सम्भव छ न अर्थतन्त्र उकास्न नै । मोर्चाकै कारण राजनीति थप 'गिजोलिएर' मुलुक थप अस्थिरतातर्फ जाने निश्चित प्रायः देखिन्छ । 'मोर्चा वा गठबन्धन' जे नाम दिइए पनि सरकार निर्माणका निम्ति सिट संख्या कमी हुँदा गरिने गठजोड बाहेक गठबन्धनको संस्कृति नै गलत छ । तसर्थ, निर्वाचन प्रणाली नबदली सिष्टमको स्थायित्वको कल्पना गर्नु नै बेकार छ । यसको एउटा सानो उदाहरणको रूपमा उपेन्द्र यादवलाई लिन सकिन्छ । उनी आजको मोर्चामा सामेल हुनुपूर्व कांग्रेस सहितको गठबन्धनबाट निर्वाचित भएर संसदमा प्रवेश गरे । त्यसपूर्व उनी नेकपा एमालेसँग थिए । यसले देखाउँछ गठबन्धन संस्कृतिको 'विद्रुप चित्र' ! राजनीतिक दलभित्र हेर्ने हो भने पनि आजको निर्वाचन प्रणालीले 'नेता-कार्यकर्ता'लाई दासमा रूपान्तरण गरेको देखिन्छ । तसर्थ, निर्वाचन प्रणालीको सुधार र दलीय हिसाबले गरिने स्वच्छ प्रतिस्पर्धा बेगर यसरी निर्माण हुने 'मोर्चा वा गठबन्धन'ले सैद्धान्तिक आधार समेत जनतासामु प्रस्तुत गर्न सक्दैन । तसर्थ पनि, मोर्चा निर्माण आफैंमा गलत संस्कृति हो ।

समग्रमा कांग्रेस, एमाले, माओवादी तथा स्वतन्त्रसँगै मधेशवादी दलहरूले 'मोर्चा' निर्माण गरेर भन्दा पनि वर्तमान राजनीतिक प्रणाली सुधारका लागि 'निर्वाचन प्रणाली' फेर्न जरूरी छ । समानुपातिक नामको निर्वाचन प्रणाली लगेर राष्ट्रिय सभामा थान्को लगाएर मझौला आकारको 'प्रतिनिधिसभा' तय गरी स्वस्थ दलीय प्रतिस्पर्धा गर्न सक्दा मात्र राजनीतिक स्थिरतातर्फ मुलुक जान सक्दछ । अन्यथा, मोर्चा वा गठबन्धनले मुलुकलाई डोऱ्याउने भनेकै अस्थिरतातर्फ नै हो । यतिबेला उठेको मुद्दा भनेकै मुलुकलाई अस्थिरतातर्फ लैजाने मोर्चा निर्माण किन ? संघीयता र धर्मका विषयमा जनमत संग्रह वा सीधै संविधान संशोधन किन नगर्ने ? सँगै, राजनीतिक स्थिरताका लागि 'कांग्रेस-एमाले' सम्मिलित सरकार निर्माण गरेर मुलुकलाई राजनीतिक स्थिरता किन नदिने भन्ने नै हो । आज संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग तथा न्यायिक निकाय समेतलाई विवादको घेराभित्र तानेर कमजोर बनाइएको छ । तसर्थ, यो अवस्थामा जिम्मेवार दलहरू संवेदनशील बन्दै मोर्चा वा गठबन्धन सिर्जित दुष्चक्रबाट मुलुकलाई बाहिर निकाल्नु नै आजको आवश्यकता देखिन्छ । (अनलाईनखवरबाट)

## ग्राफिकको......

दर्ता गर्ने लक्ष्य सहित सञ्चालन गरिएको यो अबधिभर १६२ वटा कम्पनीहरु दर्ता भएको कम्पनीकी ब्यवस्थापक लक्ष्मी पोखे्रलले बताउनुभयो । कम्पनीको सामाजिक उत्तरदायित्व वहन गर्ने उद्देश्य अन्तर्गत रहेर सोमबारै विहान भरतपुर-११, नौरङ्गे, चितवनमा अबस्थित साहाराको घर बालगृहमा रहेका पीडित असाहय तथा अनाथ बालबालिकाहरुलाई आवश्यक जिन्सी सामानहरु सहयोग समेत गरिएको पोखे्रलले जानकारी गराउनुभयो ।

कम्पनीदर्ता देखि खारेजी सम्मका सम्पूर्ण कामहरु गर्नको लागि नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलय त्रिपुरेश्वर काठमाडौंबाट अनुमती प्राप्त आधिकारीक सेवा केन्द्र समेत रहेको ग्राफिक मार्ग प्रा. लि.ले काठमाण्डौ जानै नपर्ने गरी कम्पनी दर्ता सहजीकरण, कम्पनीहरु नविकरण तथा अध्यावधिक, शेयर खरिद बिक्री, पुँजी बृद्धि, नामसारी तथा ठाउँसारी लगायतका कामहरु गर्दै आएको छ । कम्पनीले कर, भ्याट, र लेखा सम्बन्धि सम्पूर्ण कामहरु गर्नुका साथै ग्राफिक डिजाईन र साधा तथा रङ्गिन छपाई सम्बन्धि सेवा समेत उपलब्ध गराउदै आएको छ ।

**लेख रचना पठाउनु परेमा**
loktantrasandesh@gmail.com


## श्री मालपोत कार्यालय चितवन भरतपुरबाट प्रकाशित भएको

## ३५ दिने सार्वजनिक सूचना

**जिल्ला चितवन साविक चण्डीभञ्याङ्ग गा.वि.स. वडा नं. ५ को हाल इच्छाकामना गाउँपालिका वडा नं. ६ निवासी जग्गाधनी सुकराम चेर्पाको नाममा दर्ता कायम रहेको र ऐ.ऐ. गा.वि.स. बस्ने अर्को जग्गाधनी बटई कान्छा दुबै जग्गा धनीहरुका ना.प्र.नं. र तिन पुस्ते नखुलेको तपशिल बमोजिमको जग्गाहरु दर्ता रही निज दुवै नाम गरेको जग्गाधनीहरु फरक-फरक नभई एकै व्यक्ति सुक बहादुर प्रजानै हुन् । निजको मिति २०३३।८।२८ मा मृत्यु भएको, निजको श्रीमती बटईनी बुढी भन्ने पुतली प्रजाको पनि मिति २०३५ सालमा मृत्यु भएको, निजहरुको मृत्यु पछि हक खाने सन्तानहरुमा तिन छोरीहरु जन्म भएकोमा तिनै जनाको विवाह गरी गएका र छोराहरु तर्फ एक मात्र छोरा सानो सुक बहादुर प्रजाको मिति २०५८।04।३२ मा मृत्यु भएको निजको एक मात्र श्रीमती शक्तिमाया प्रजा मात्र भएकोले निजको नाममा एकलौटी नामसारी गरी पाउँ भनि चितवन जिल्ला साविक चण्डिभञ्याङ्ग गा.वि.स. वडा नं. ६ हालको इच्छाकामना गाउँपालिका वडा नं. ६ निवासी शक्ति माया प्रजाको यस कार्यालयमा मिति २०८०।२।३२ मा निवेदन परी मिति २०८०।३।१० को आदेश अनुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यसमा निवेदकको माग बमोजिम नामसारी गरी दिनु नपर्ने वा जग्गा धनीहरु र निजले पेश गरेको मृत्यु दर्ता प्रमाण पत्र अनुसार का व्यक्तिहरु फरक-फरक भए वा अन्य कुनै कारण भए वा निज भन्दा अन्य कोही नजिकको हकवालाहरु भए स-प्रमाण सहित म्यादभित्र मालपोत कार्यालय भरतपुर चितवनको मुद्दा/प्रशासन शाखामा स्वयं व्यक्ति उपस्थित भई दाबी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भै जानेछ । पछि कहि कतै कसैको उजुर बाजुर लाग्ने छैन ।**

**तपशिल**

| क्र.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | श्रेस्तामा कायम जग्गा धनीको नाम र जग्गाधनी र निवेदक विचको नाता |
|---|---|---|---|---|---|
| १. | चण्डीभञ्याङ्ग | ५/ङ | १३ | ०-३-१९ | जग्गाधनी : सुकराम चेपां<br>नाता : ससुरा/बुहारी |
| २ | " | " | १८ | ०-३-१५ | |
| ३ | " | " | ८ | ०-८-१४ | जग्गाधनी : बटई कान्छा<br>नाता: ससुरा/बुहारी |
| ४ | " | " | १० | ०-३-१३ | |
| ५ | " | " | ७७ | ०-१-५ | |

**नोट : सुकराम चेपां र बटई कान्छा दुबै नाम गरेको एकै व्यक्ति सुक बहादुर प्रजा हो भनि स्थानीय तहको सिफारिस सहित शक्तिमाया प्रजाले माथि उल्लेखित कित्ता जग्गा नामसारी माग भएकोले यो सूचना प्रकाशित गरिएको छ ।**

**इति सम्वत् २०८०।03।१0 रोज् १ शुभम् ।........................................................**



## श्री मालपोत कार्यालय चितवन भरतपुरबाट प्रकाशित भएको

## ३५ दिने सार्वजनिक सूचना

**जिल्ला चितवन साविक चण्डीभञ्याङ्ग गा.वि.स. वडा नं. ५ को हाल इच्छाकामना गाउँपालिका वडा नं. ६ निवासी झल्ला चेपाङ्गको नाममा दर्ता कायम रहेको बाबु, बाजे र ना.प्र.नं. र जारी जिल्ला नखुलेको तपशिल बमोजिमका जग्गाहरु दर्ता रही निज जग्गा धनी झल्ला चेपां भन्ने व्यक्ति बिजराम प्रजा हुन् र निजको आफ्नो कालगतिबाट मिति २०७२।0५।११ मा मृत्यु भएको र निजको एक मात्र श्रीमती मनमाया चेपाङ्ग रहेकोमो निजको पनि मिति २०५१।0५।११ मा मृत्यु भएको र निजहरुको शेष पछिका हक खाने नजिकको हकदार सन्तानहरुमा छोराको जन्म नभएको हुँदा र छोरीमा एक मात्र छोरी लाल माया चेपाङको मात्र जन्म भएको, मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनि चितवन जिल्ला इच्छाकामना गा.पा. वडा नं ६ बस्ने लालमाया चेपाङको यस मालपोत कार्यालयमा मिति २०८०।0२।३२ मा निवेदन परी मिति २०८०।0३।१0 को आदेश अनुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यसमा निवेदकले पेश गरेको मृत्यु दर्ता प्रमाण पत्रमा भएको व्यक्ति र जग्गाधनी श्रेस्ता र पूर्जामा भएको व्यक्ति फरक-फरक हुन वा एकै व्यक्ति हुन् । निजहरुको जिवनकालमा पालनपोषण रेखदेख औषधी उपचार र मृत्यु पछीको सामाजिक परम्परा अनुसारको काजक्रिया कसले गरेका हुन् । यसमा निवेदकको माग बमोजिम नामसारी गरि दिनु नपर्ने कुनै कारण वा व्यक्तिहरु फरक भए वा निज भन्दा अन्य कोही नजिकको हकवाला भए स-प्रमाण म्याद भित्र मालपोत कार्यालय भरतपुर, चितवनको मुद्दा/प्रशासन शाखामा स्वयं व्यक्ति उपस्थित भई दाबी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भै जानेछ । पछि कहि कतै कसैको उजुर बाजुर लाग्ने छैन ।**

**तपशिल**

| क्र.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | श्रेस्तामा कायम रहेको जग्गाधनीको नाम र निवेदकको जग्गाधनी विचको नाता |
|---|---|---|---|---|---|
| १. | चण्डीभञ्याङ्ग | ५/ङ | ७ | ०-२-१६ | जग्गाधनी: झल्ला चेपां<br>नाता : बाबु/छोरी |
| २ | " | " | ७९ | ०-४-११ | |

**नोट : झल्ला चेपां र मृत्यु दर्तामा भएको बिजराम प्रजा फरक-फरक नभई एकै व्यक्ति बिजराम प्रजा नै हुन् भनि निज बिजराम प्रजाको छोरी लाल माया चेपाङले नामसारी माग गरेकाले यो ३५ दिने सूचना प्रकाशित गरेको छ ।**

**इति सम्वत् २०८०।03।१0 रोज् १ शुभम् ।........................................................**


## नागरिकता......

नांगो भएको उनले पत्तै पाइनन् । अहिले पनि त्यो घटना सम्झिँदा उनलाई निकै गाह्रो हुन्छ । अस्पतालले लैंगिक परीक्षण गरेको केही दिनमा जिल्ला प्रशासन कार्यालयलाई रिपोर्ट दियो । तर यो घटना यति विवादित हुन पुग्यो, उनलाई नागरिकता दिने कार्य बीचमै रोकियो ।

यो घटना कसैलाई सामान्य लाग्छ होला, तर यसमा दुइटा कुरा महत्वपूर्ण थियो । एउटा, त्यसरी नग्न बनाएर स्वास्थ्य परीक्षण गर्दा डाक्टरले उनको सहमति लिएको थिएन । अर्को, नागरिकता ऐन २०६३ ले नागरिकता प्रमाणपत्र जारी गर्ने अधिकारीलाई कतै पनि यस्तो अधिकार दिएको छैन । कुन अधिकार प्रत्यायोजनको बलमा त्यस्तो निर्णय लिइएको थियो, थाहा छैन । जिल्ला प्रशासनले कुन न्यायिक सिद्धान्तमा टेकेर स्वास्थ्य परीक्षणको चिठी काटेको हो भन्ने अझै उत्तर आउन बाँकी छ । मानवअधिकार आयोगले यो घटनाको अनुसन्धान जारी राखेको छ । सामान्य अवस्थामा लुगा लगाएकै भरमा कुनै व्यक्तिलाई महिला वा पुरूष भनेर नागरिकता दिन मिल्छ भने 'अन्य' भनेर लैंगिक पहिचान जनाएका व्यक्तिलाई किन मेडिकल परीक्षणको आवश्यकता परेको हो? नियम सबैका लागि बराबर हो भने नागरिकता बनाउनुअघि सबैको लिंग परीक्षण अनिवार्य गर्नुपर्ने होइन र?

अब दोस्रो घटना हेरौं । २०७९ वैशाख ८ गते कपिलवस्तुको सैनिक ब्यारेकभित्र एक महिला सिपाहीले आफूले बोकेको बन्दुकले आफैंलाई गोली हानेर आत्महत्या गरिन् । उनले आमाबुवाले चाहेजस्तो छोरी वा छोरामध्ये कुनै एक लैंगिक पहिचानका आधारमा बाँच्न नसकेको भन्दै आत्महत्या गरेकी थिइन् । ती सिपाहीले आफ्नो 'सुसाइड नोट' मा आमालाई अत्यन्तै माया गर्ने कुरा उल्लेख गरेकी छन् । उनले आमाबुवासँग गुनासो नभए पनि आफूखुसी लैंगिक पहिचान निर्माण गरिदिने समाजप्रति दुःख व्यक्त गरेकी छन् । सबैले उनलाई छोराजस्तै छस् भन्ने गरे पनि आफूलाई छोरी हुन मन लाग्ने गरेको उनले पत्रमा लेखेकी थिइन् । यो घटनाबाट के अनुमान लगाउन सकिन्छ भने उनले आफ्नो लैंगिक पहिचान समाजसामु राख्न नसकेर अन्तिम विकल्पका रूपमा मृत्युवरण गरेकी थिइन् । उनले आफ्नो लैंगिक पहिचान परिवार र समाजसामु निर्धक्क राख्ने वातावरण नै पाइनन् । आफ्नो लैंगिक पहिचानको कुरा राख्न उनले सुसाइड नोटको सहारा लिनुपर्ने भयो र त्यो कुरा राखिसकेपछि उनी आफैं रहिनन् । यसरी आफ्नै संगठनभित्रको फरक लैंगिक तथा यौनिक पहिचान भएको व्यक्तिको संरक्षण गर्न नसकेको सेना वा प्रहरीले सडकमा हिंड्दै गरेका यी समुदायका व्यक्तिसँग गर्ने व्यवहार त हामी सबैलाई थाहै छ । तेस्रो घटना समलिंगी व्यक्तिहरूको विवाहसँग जोडिएको छ । लुम्बिनी प्रदेशमा केही समलिंगी जोडीले विवाह गरेका छन्, तर त्यसको सामाजिक र कानुनी मान्यता छैन । एक समलिंगी जोडीले विवाह त गऱ्यो, तर परिवारले थाहा पाए निकालिदिने डरले आजसम्म परिवारलाई जानकारी गराएका छैनन् । परिवारले त्यस्तो विवाह स्वीकार नगरिदिँदा यस्ता जोडी आफ्नै घर जाँदा पनि 'हामी मिल्ने साथी हौं' भनेर घरभित्र पस्छन् । नेपालमा समलिंगी विवाहलाई कानुनी मान्यता छैन । तथापि दुई जना उमेर पुगेका व्यक्ति सँगै बस्न पाउँछन् भन्ने २०६९ सालमा तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीले गरेको फैसलामा उल्लेख छ । त्यसपछि समलिंगी जोडीलाई एकसाथ बस्न केही सहज भएको देखिन्छ ।

यही फैसलाले विपरीत लिंगी केटा र केटी पनि ढुक्कले सँगै बस्ने गरेका छन् । तर केटा र केटीको 'लिभिङ टुगेदर' ले समस्या ल्याएको भन्दै यसलाई निस्तेज पार्ने कानुन बनाउन संसदमा एकताक बहस भएको थियो । लिभिङ टुगेदर बस्दा बच्चा जन्मिने तर पछि विवाह नभए केटाले पितृत्व स्वीकार नगरिदिने र त्यसले घरेलु तथा लैंगिक हिंसाका समस्या बढेका थिए । यस्तो समस्या समलिंगी जोडीमा भने पाइएको छैन । नेपालको संविधानको धारा १८ ले प्रत्येक नागरिकलाई समानताको हक दिएको छ । तर देवानी संहिता २०७४ को दफा ६७ मा महिला र पुरूषको मात्र विवाह हुन्छ भनेर लेखिएको छ । यो कानुन विवाह भनेको विपरीत लिंगी अर्थात् महिला र पुरूषबीच मात्र हुन्छ भन्ने सामाजिक मान्यताबाट प्रेरित छ । समलैंगिक विवाहलाई कानुनी मान्यता दिनुपर्छ भनेर सर्वोच्चमा रिट नपरेको होइन । तर अहिलेसम्म सुनुवाइ हुन सकेको छैन । छिमेकी मुलुक भारतमा पनि समलैंगिक विवाहसम्बन्धी रिटमा त्यहाँको सर्वोच्च अदालतले अन्तिम फैसला गर्न बाँकी छ । भारतले सेप्टेम्बर २०१८ मा समलैंगिक जोडीको सम्बन्धलाई आपराधिक श्रेणीबाट हटाएको थियो । त्योभन्दा अगाडि समलैंगिक सम्बन्धलाई भारतमा अपराध मानिन्थ्यो । यसरी समलैंगिक सम्बन्धलाई अपराधको श्रेणीबाट हटाएपछि मात्र त्यहाँ विवाहसम्बन्धी बहस सुरू भएको हो । भारतमा विवाहसँग जोडिएका लगभग तीन दर्जन कानुन छन् । यो मामिला हेर्न बसेको न्यायाधीशको समूहले भारतको व्यक्तिगत कानुन नहेरी सन् १९५४ को विशेष विवाह कानुनलाई टेकेर समलैंगिक विवाहको अधिकार दिन सकिने भए पनि धर्मसन्तान तथा विरासतसँग जोडिएका कानुन अड्चनका रूपमा आउने बताएको छ ।

यति मात्र होइन, त्यहाँको सर्वोच्च अदालतले संसद र विधान सभालाई कानुन बनाउने अधिकार रहेको भन्दै समलैंगिक विवाहको कानुन बन्नुअघि आफू उम्किन खोजेको देखिन्छ । भारतको राष्ट्रिय बाल अधिकार संरक्षण आयोगले समलैंगिक जोडीले बालबालिकालाई धर्मसन्तानका रूपमा राख्न पाउने अनुमतिविरूद्ध सर्वोच्चमा रिट दर्ता गरेको छ । यसले न्यायालयलाई अन्तिम फैसला दिन अझ बढी समय लाग्ने देखिन्छ । सन् २०२२ सम्म ३४ वटा देशले समलिंगी विवाहलाई कानुनी मान्यता प्रदान गरेका छन् भने यस्ता लैंगिक अल्पसंख्यक जोडीलाई गर्भधारण गर्न, बच्चा जन्माउन र हुर्काउन सक्ने गरी कानुनी ढाँचासमेत तयार गरेका छन् । पौराणिक कथाहरूमा समेत लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको विशेष चर्चा गरिएको छ । रामायणमा कैकेयीले आफ्नो छोरा भरतलाई राजा बनाउन दशरथसामु दुइटा सर्त राखिन् । त्यसमध्ये एउटा सर्त रामको वनवास थियो । जब राम वनवास जान्छन्, तब ठूलो संख्यामा अयोध्यावासी उनलाई रोक्न सीमासम्म पुग्छन् । रामले चौध वर्षको वनवासपछि फर्किने भन्दै नगरवासीलाई फिर्ता हुन आग्रह गरेर अगाडि बढ्छन् । लंका विजयपछि वनवास अवधि सकिन्छ । राम फिर्ता हुन्छन् । आफ्नो राज्यको सीमा नजिक आएपछि उनले देख्छन्, एउटा समूह बस्ती बसालेर उनको प्रतीक्षा गरिरहेका छन् । भएछ के भने, चौध वर्षअघि रामले आफूलाई पछ्याउँदै आएका नगरवासीलाई फर्किन आग्रह गर्दा नर र नारीलाई मात्रै फिर्ता हुन भनेका रहेछन् । किन्नरलाई भने कुनै आदेश नदिएकाले उनीहरू त्यहीँ बस्ती बसालेर चौध वर्षदेखि रामको प्रतीक्षा गरिरहेका रहेछन् । यसरी स्त्री र पुरूषलाई मात्र गरिएको सम्बोधनबाट यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय रामको प्रतीक्षामा बसेको घटना रामायणमा छ । महाभारतमा पनि पाण्डवहरूलाई विजयका लागि एउटा बलिको आवश्यकता पर्छ । अर्जुन र नागकन्या उलुपीका छोरा इरावन बलि चढ्न तयार हुन्छन् । तर उनले बलि चढ्नुभन्दा पहिले श्रीकृष्णसँग तीन वरदान माग्छन्, जसमा एउटा वरदान उनको विवाह गरिदिनुपर्ने हुन्छ । विवाहका लागि कुनै केटी फेला नपरेपछि कृष्णले मोहिनी रूप धारण गरेर एक रातका लागि इरावनसँग विवाह गर्छन् ।

यिनै इरावनलाई यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले आफ्नो आराध्य देवका रूपमा पूजा गर्ने गरेको पाइन्छ । विल्लुपुरम मन्दिरमा हरेक वर्ष कृष्ण र इरावनको विवाह उत्सव मनाएर पूजा गर्ने चलन छ । अर्जुनले एकवर्षे अज्ञातवासमा वृहनल्ला नाम राखेर किन्नरका रूपमा राजा विराटको दरबारमा बिताएको घटना पनि महाभारतमा छ । महाभारतमा अर्को चरित्र छ, शिखण्डी । जब भीष्म पाण्डव सेना मार्दै हाहाकार मच्चाउन थाल्छन्, तब पाण्डव पक्षमा ठूलो त्रास फैलिन्छ । भीष्मलाई नरोके पराजित हुने देखेर श्रीकृष्णको सल्लाहअनुसार पाण्डवले भीष्मसँग उनलाई मार्ने उपाय सोध्छन् । भीष्मले धेरै सोचेर अन्तिममा उपाय बताइदिन्छन् । दसौं दिनमा पाण्डव पक्षले शिखण्डीलाई अर्जुनसँगै भीष्मविरूद्ध मैदानमा उतार्छन् । शिखण्डीको जन्म स्त्रीका रूपमा भए पनि उनको हुर्काइ पुरूष सरह गरिएको हुन्छ । भीष्मले स्त्रीमाथि हात नउठाउने प्रतिज्ञा गरेका हुन्छन् । शिखण्डीलाई कुनै बेला भीष्मले नै अपहरण गरेकी अम्बाको अर्को रूप भनेर चिनिन्छ । भीष्मले शिखण्डीलाई आफू अगाडि देखेपछि अस्त्र बिसाउँछन् । अर्जुनले शिखण्डीको पछाडिबाट तुणिरमा भएका सबै तिर भीष्मको शरीरमा रोपिदिन्छन् ।

उनी तिरको शैयामा जीवित रहेकै अवस्थामा पाण्डवले आठ दिनभित्र कौरवमाथि जित प्राप्त गर्छन् र भीष्मले आफ्नो इच्छाबमोजिम देह त्याग गर्छन् । यसरी महाभारतमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका शिखण्डीको चरित्र रोचक ढंगले चित्रण गरिएको पाइन्छ । त्यस्तै उमा-महेश्वरका बारेमा हामी सबै परिचित नै छौं । यसरी ढुंगाको अर्धनारेश्वरलाई पूजा गरिरहँदा आफ्नै कोखबाट जन्मेको अर्धनारेश्वर लखेटिनुपर्ने अवस्था दुखद छ । यो समुदायले विभेद नखेपेको सायद कुनै क्षेत्र छैन । घर, सडक, सार्वजनिक सेवा, शौचालय, एयरपोर्ट लगायत सबै स्थानमा भेदभाव हुने गरेको छ । यति हुँदाहुँदै संरक्षण, पहिचान र मान्यताको खोजीमा यो समुदाय नयाँ बिहानी पर्खेर बसेको छ । हरेक वर्ष जुन महिनालाई यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको गौरवको महिना मान्दै धुमधामसँग विश्वभरि मनाउने चलन छ । आशा गरौं, यो वर्षपछि गौरवको महिना मनाउँदा यौनिक तथा अल्पसंख्यक समुदायलाई मानवीय व्यवहारसहित पहिचान, स्वतन्त्रता र समृद्ध जीवनयापन गर्ने वातावरण बनाउन सबैले योगदान गर्ने छन् । (सेतोपाटीबाट)